JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara

# पोखरापत्र

राष्ट्रिय दैनिक
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेन्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत २३ गते सोमबार ❑ 5 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पत्रकार महासंघ कास्कीमा दुई प्यानल बिच प्रतिष्पर्धा हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ चैत**

नेपाल पत्रकार महासंघको यही चैत २५ गते हुने निर्वाचनको लागि कास्की शाखामा मुख्य गरी दुई प्यानलमा प्रतिष्पर्धा हुने भएको छ । प्रेस यूनियन, प्रेस संगठन, प्रेस चौतारी असन्तुष्ट समुह सहितको टोलीको तर्फबाट विमला भण्डारी र प्रेस चौतारी सहितको पत्रकारको संगठनबाट केशव शरण लामिछानेको अध्यक्षमा उमेदवारी परेको छ।

भण्डारी महासंघ कास्कीका महिला उपाध्यक्ष हुन भने लामिछाने महासंघका पूर्व सदस्य हुन् । भण्डारीको समुहबाट उपाध्यक्षमा रामप्रसाद तिमिल्सिना, महिला उपाध्यक्षमा रविना आले, सचिवमा दीपक परियार, समावेसी सहसचिवमा रेम बिक, सहसचिवमा श्रीराम सिग्देल, कोषाध्यक्षमा कृष्ण दवाडीको उमेदवारी परेको छ । त्यसै गरी महिला सदस्यमा सपना अधिकारी, दलित सदस्यमा विजय नेपाली, आदिवासी जनजाति सदस्यमा पदम श्रेष्ठ, अन्य सदस्यमा जैनव खातुनको उमेदवारी परेको छ। त्यस्तै खुल्ला ८ सदस्यका लागि धनबहादुर गुरुङ(सुमन), पुष्पराज दाहाल, भीम बहादुर थापा, शिवराज बस्ताकोटी, सन्तोस बस्याल, सन्दीप पौडेल, सन्तोस सुवेदी, श्रीभद्र पौडेल र हरि पन्तको उमेदवारी परेको छ।

लामिछानेको समुहबाट उपाध्यक्षमा अर्जुन गिरी, महिला उपाध्यक्षमा जमुना शर्मा बर्षा, सचिवमा माधव बराल, समावेशी सहसचिवमा दिपक कुमार श्रेष्ठ, सहसचिवमा मानबहादुर घर्ती, कोषाध्यक्षमा एकराज गिरी, महिला सदस्यमा तारा चापागाई दुवे, दलित सदस्यमा शुरेश सुनार, आदिवासी जनजाति सदस्यमा खिमकुमारी गुरुङ, अन्य समावेसी सदस्यमा सुर्य बहादुर परियारको उमेमदारी परेको छ । त्यस्तै अन्य सदस्यहरुमा उमा आले मगर, कन्चन थापा, कमल सुवेदी, गिता राना मगर, गौरव त्रिपाठी, प्रभु अधिकारी, विनिता सुनार (खातुन), भेषराज सुवेदी (जीवन), युवराज गुरुङ युनिसको उमेदवारी परेको छ।

त्यस्तै स्वतन्त्र पत्रकार संघको तर्फबाट ४ जनाको उमेदवारी परेको छ । महासंघ कास्कीको सचिवमा असफल गौतम, कोषाध्यक्षमा ओम उपाध्याय, खुला सदस्यमा सुरेशराज अधिकारी र वीरेन्द्र सापकोटाले उम्मेदवारी दिएका हुन्। प्रेस चौतारीका असन्तुष्टि भएका रन्जन अधिकारीले उपाध्यक्षमा उमेदवारी दिएकाछन भने अन्य स्वतन्त्रबाट रोहितराज पराजुली, बिष्णु गौतमले उमेदवारी दिएका छन् । राष्ट्रिय परिषद सदस्यमा १४ जनाको र प्रदेश परिषद सदस्यमा २८ जनाको उमेदवारी परेको छ। राष्ट्रिय परिषदमा ७ र प्रदेश परिषदमा २१ जना निर्वाचित हुने भएका छन् । कास्कीमा ३ सय १२ जना मतदाता रहेका छन्।

## वैशाख एक गते पोखरामा मेयर साइकल दौड प्रतियोगिता हुने

### देश भरका मेयरहरुको राष्ट्रिय सम्मेलन पोखरामै हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ चैत**

आउँदो वैशाख एक गते पर्यटकीय नगरी पोखरामा मेयर साइकल दौड प्रतियोगिता हुने भएको छ । वातावरण जोगाऔं, स्वस्थ रहौं भन्ने मुल नाराका साथ पोखरा महानगरपालिकाले पहिलो पटक पोखरामा मेयर साइकल दौड प्रतियोगिता आयोजना गरिने भएको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनाम जानकारी गराइएको हो।



देश भरका ७ सय ५३ वटा स्थानिय तहमा पत्रकार भएकोले उत्त दौडमा करिब २ सय भन्दा बढीको सहभागिता हुने भएको पोखरा महानगरका मेयर मानबहादुर जिसीले बताए। कोरोना शंक्रमण अझै नियन्त्रणमा नआएकोले कोरोनाबाट बच्न र बचाउन आवश्यक पर्ने स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गरी उत्त कार्यक्रमको तयारी गरिएको मेयर जिसीले जनाए । वैशाख १ गते पोखरा महानगरपालिकाको कार्यालयबाट सुरु हुने उक्त ५ किलोमिटर साइकल दौडमा पोखराका विभिन्न भाग हुदै हल्लनचोकमा पुगेर समापन हुने भएको उनले जनाए । वातावरण संरक्षणमा साइकल उपयुत्त माध्यम भएको र विना इन्धनमा चल्ने र शारीरिक कसरत समेत हुने भएकोले साइकलको प्रबर्द्धन गर्न पनि उत्त कार्यक्रम आयोजना गर्न लागिएको मेयर जिसीले प्रष्ट पारे।

उक्त कार्यक्रमले साइकल प्रबर्द्धन, वातावरण संरक्षणमा योगदान पुग्ने र पर्यटन प्रबर्द्धन हुने मेयर जिसीले विश्वास व्यत्त गरे । पोखरा महानगरले पोखरामा करिब ८४ किलोमिटर साइकल ट्रयाकको आवश्यक पूर्वाधार निर्माण गर्न लागेको उनले जनाए । कास्की जिल्ला साइक्लिङ संघ, साइकल सिटी पोखरा र राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी संघसंगको सहकार्यमा उक्त कार्यक्रम हुने भएको कार्यक्रम संयोजक पोखरा १३ का वडा अध्यक्ष दर्शन लामाले बताए । उनका अनुसार उक्त साइकल दौड प्रतियोगिताको अवसरमा साइकलीङका पदक धारी सहितका खेलाडीहरुलाई समेत संगै साइकल दौड प्रतियोगितासंगै साइकल र्‍यालीमा सहभागि गराइने भएको छ । पोखरामा करिब ५० वटा स्थानमा साइकल स्ट्याण्ड निर्माण गरिने संयोजक लामाले जनाए।

यसैबिच, वैशाख एक गते राष्ट्रिय मेयर सम्मेलन पोखरामै हुने भएको छ। स्थानिय निर्वाचन पश्चात स्थानीय सरकार प्रमुखहरु एकै ठाँउमा जम्मा भएर सरकार संचालकनको प्रक्रियामा सिकेका सिकाई अनुभव छलफल हुने भएको, अनुभव साटसाट, स्थानीय सरकार संचालन ऐनले पारेको सकरात्मक तथा नकरात्मक प्रभाव लगायतको बिषयमा छलफल हुने भएको मेयर जिसीले जनाए।

समृद्ध नेपाल सुखी नेपाली को सपना स ाकार पार्न आगामी दिनमा के कस्ता रणनितीक योजना आवश्यक पर्छ त्यसको बारेमा समेत सम्मेलनमा बहस हुने भएको उनले जनाए। महानगरका शहरी योजना आयोगका सदस्य सरोज कोइरालाले पोखरामा १२ वटा वडाहरु जोड्ने गरी ८४ किलोमिटर साइकल ट्रयाक निर्माण गर्न लागि परेको बताए। मेयरका प्रेस संयोजक माधव बरालले उक्त कार्यक्रमको तयारी तिव्र पारिएको बताए।

## बारपाकको राङरुङ भिरबाट जीप खस्दा दुई जनाको मृत्यु, सात घाइते

**पोखरापत्र संवाददाता**
**गोरखा, २२ चैत**

गोरखाको बारपाक सलिकोट गाउँपालिका-२ स्थित राङरुङ भिरमा जीप दुर्घटनामा हुँदा दुई जनाको मृत्यु भएको छ।

बारपाक गएर फर्कँदै गरेको ना५च ३२९८ नंको जिप शनिबार साँझ करिब ७:०० दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक प्रकाश दाहालले जानकारी दिए। दुर्घटनामा परी लमजुङ दूधपोखरी गाउँपालिका-२ बिचौरका ४८ वर्षीयका ठाकुर दुवाडी र ५० वर्षीय रामेश्वर न्यौपानेको मृत्यु भएको प्रहरी नायब उपरीक्षक दाहालले बताए। दुर्घटनामा अन्य सात जना घाइते भएका छन् । घाइतेमध्ये दुईको अवस्था गम्भीर रहेको गोरखा अस्पतालका सूचना अधिकारी कृष्ण ढकालको भनाइ छ । गम्भीर घाइते हुनेमा दूधपोखरी-२ लमजुङका ३१ वर्षीय विष्णु न्यौपाने र २८ वर्षीय अनिल मरहठ्ठा रहेका छन्। उनीहरू दुवै जनालाई थप उपचारका लागि राति नै चितवन पठाइएको उनले बताए।

दुर्घटनामा परी लमजुङ बैंशीशहर नगरपालिका-१० का २० वर्षीय सन्तोष तामाङ, दूधपोखरी गाउँपालिका-२ का १८ वर्षीय अमृत दुवाडी, ३० वर्षीय विष्णु दुवाडी, २९ वर्षीय विष्णु दुवाडी र तनहुँको व्यास नगरपालिका-१ घर भएका सुशील नराल भएको प्रहरी नायब उपरीक्षक दाहालले जानकारी दिए । घाइते नराल दूधपोखरी गाउँपालिका शिक्षा शाखाका प्रमुख रहेको जानकारी प्राप्त भएको उनले बताए। जीप सडकबाट झण्डै २०० मिटर तल खसेको प्रहरीको भनाइ छ । घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय जौवारीबाट प्रहरी निरीक्षकको कमाण्डमा बालुवा प्रहरी चौकीबाट समेत प्रहरीको टोली घटनास्थल पुगेर घाइतेहरूको उद्धार गरिएको थियो।

जीप रिर्जभ गरेर बारपाक घुम्न आएका उनीहरू फर्कने क्रममा राङरुङमा दुर्घटनामा परेका हुन् । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## कोभिड-१९ बाट विदेशमा थप चार नेपालीको मृत्यु

**रासस**
**काठमाडौं, २२ चैत**

कोरोना भाइरस सङ्क्रमणबाट विदेशमा थप चार नेपालीको मृत्यु भएको छ।

गैरआवासीय नेपाली सङ्घअन्तर्गतको स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार यो साता कतारमा तीन र रुसमा एक गैरआवासीय नेपालीको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको हो।

सङ्घका अनुसार कोरोना सङ्क्रमणका कारण शनिबार साँझसम्म हालसम्म २३ देशमा रहेका ३४९ नेपालीको निधन भएको छ। उहाँका अनुसार यो साता माल्दिभ्स, मलेसिया, कतार र युएईमा रहेका नेपालीमा थप कोरोना सङ्क्रमण देखिएको छ । हालसम्म ५४ देशमा ६५ हजार २८७ नेपालीमा कोरोना सङ्क्रमण पुष्टि भएको छ । तीमध्ये ६२ हजार ६६३ कोरोना सङ्क्रमणमुक्त भएका छन्।

पछिल्लो समय नेपालसहित विश्वका विभिन्न मुलुकमा पनि कोरोनाको जोखिम थप बढ्दै गएकाले स्वास्थ्य सावधानी अपनाउन सङ्घले अनुरोध गरेको छ।

## शिक्षाका साझा सूचीमा समीक्षा हुनुपर्छ : सभापति देउवा

**रासस**
**काठमाडौं, २२ चैत**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संविधानमार्फत शिक्षाको साझा सूचीमा गएका विषयको समीक्षा गरिनुपर्ने बताएका छन्।

नेपाल शिक्षक सङ्घको सङ्घीय प्रतिनिधिसभा उद्घाटन समारोहलाई राजधानीमा सम्बोधन गर्नुहुँदै सभापति देउवाले शिक्षाका सन्दर्भमा गरिएका व्यवस्थाको समीक्षा गर्नुपर्ने हालसम्मको अभ्यासबाट देखिएकाले त्यसतर्फ अघि बढ्नुपर्नेमा जोड दिएका हुन् । शिक्षाका विषयमा संविधानमा व्यवस्था कार्यान्वयन हुँदा पनि समस्या समाधान नभएकाले समीक्षा गर्नु जरुरी रहेको पूर्वप्रधानमन्त्री समेत रहनुभएका सभापति देउवाले बताए।

कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले विभिन्न क्षेत्रमा देखिएका बेथितिलाई थितिमा राख्न पार्टीको नेतृत्वमा सरकार निर्माण गर्नुपर्ने आवश्यकता रहेको बताए। संविधान निर्माणपछि देश आर्थिक समृद्धितिर अघि बढ्नुपर्नेमा त्यस्तो हुन नसकेको उनको जिकिर थियो । कार्यक्रममा संघका पूर्व अध्यक्ष केशव भट्टराई, मोहन ज्ञवाली, केशव निरौला, नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष पुष्कर आचार्यलगायतले शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरोकार भएका निकायको ध्यान जान नसकेको बताए।

स्थानीय तह, जिल्ला र प्रदेशमा शिक्षकको सभा सम्पन्न गरेपछि केन्द्रीयस्तरमा कार्यक्रम गरिएको अध्यक्ष राजेन्द्रराज पौडेलले बताए । सोमबारसम्म चल्ने सभामा देशभरका करिब ७०० शिक्षकको सहभागिता छ । सभाले गरेका निर्णय मङ्गलबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिने पनि उनले सुनाए।

## घरबास सचेतना सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ चैत**

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धन एवं पर्यटन व्यवसायी महिला सङ्घ नेपाल गण्डकी प्रदेशको आयोजनामा पर्वतको मोदी गाउँपालिकामा सञ्चालित लब्सी बोट सामुदायिक होमस्टे र भूकदेउराली सामुदायिक होमस्टेमा छुट्टाछुट्टै घरवास सचेतना गरिएको छ।

कोरोना कहरका कारण लामो समयसम्म प्रभावित पर्यटनलाई पुर्नजागरण गराउने लक्ष्यका साथ दुबै होमस्टेका सञ्चालकका लागि गत चैत २० र २१ गते दुई दिवशीय घरवास सचेतना गरिएको पर्यटन व्यवसायी महिला सङ्घ नेपाल गण्डकी प्रदेशका अध्यक्ष रेनु थापा मगरले जानकारी दिनुभयो। कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य ललितकला गुरुङले समाजमा रोहका ऐतिहासिक वस्तुको संरक्षण र प्रवर्द्धन गर्नुपर्नेमा जोड दिँदै स्थानीय सक्रियतासँगै यस क्षेत्रको विकासका लागि आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । पर्वतका प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीले आर्थिक समृद्धिका लागि पर्यटन महत्वपूर्ण माध्यम हुने बताउँदै गाउँ पर्यटनमा घरवास कार्यक्रमले विशेष योगदान गर्ने बताउनुभयो। राज्यलाई कर तिर्नु नागरिकको कर्तव्य भएको उल्लेख गर्दै उहाँले घरवास सञ्चालनका क्रममा हुने गरेका व्यवहारिक जटिलतालाई सहजीकरण गर्ने कुरामा आवश्यक पहल गर्ने बताउनुभयो।

संस्थाका सल्लाहकार तथा पर्यटनविद् श्रीकान्त खतिवडाले घरवास कार्यक्रमले खाने र खुवाउने मात्र नभइ त्यहाँको कला संस्कृति, सभ्यताको जगेर्ना गर्नुका साथै रोजगारसमेत उपलब्ध गराउने बताउनुभयो । संस्थाका संस्थापक अध्यक्ष लक्की कार्की क्षेत्रीले होमस्टे सञ्चालकले सरसफाइ, स्थानीय उत्पादनमा जोड, कला संस्कृतिको जगेर्नालगायतमा ध्यान दिन आग्रह गर्नुभयो । मोदी गाउँपालिका-१ का अध्यक्ष भुलबहादुर पौडेलले वडा नं १ मा ४ वटा होमस्टे रहेको र त्यसको प्रवर्द्धनका लागि स्थानीय सरकारले प्राथमिकतामा राखेको बताउनुभयो । रेडियो सफलताका प्रबन्ध निर्देशक दुर्गा अधिकारीले होमस्टेमा स्थानीय उत्पादनबाट अतिथिको सत्कार गर्नुपर्ने बताउँदै यस स्थलको प्रचारप्रसारमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गडर्नुभयो। भुक देउराली होमस्टे सञ्चालक समितिका अध्यक्ष टेकबहादुर गुरुङ, पर्यटन व्यवसायी महिला सङ्घ नेपालका अध्यक्ष रेनु थापा मगर, महासचिव शोभा पाण्डे, कार्यक्रम संयोजक कमला गुरुङलगायतले कोरोना प्रभावित पर्यटनलाई पुरानै लयमा फर्काउनुपर्नेमा जोड दिनुभयो।



# अफ्रिकन रुट एशोसियसन आहा रारा गोल्ड कपको सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ चैत**

अफ्रिकन रुट एशोसियसन, डाउला क्यामरुनको टोली १९ औं संस्करणको आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रबेस गरेको छ।



पोखरा रंगशालामा आइतबार भएको दोश्रो क्वाटरफाइनल खेलमा २–१ को गोल अन्तरले मछिन्द्र क्लवलाई पराजित गर्दै अफ्रिकन रुटको टोली अन्तिम चारमा स्थान बनाएको हो । अफ्रिकन रुट्सका मुसा र लुइक एन्जिनीले एक एक गोलको योगदान दिए भने मच्छिन्द्रका अभिषेक रिजालले एक गोल गरेका थिए। अफ्रिकन रुट्सले रुस्लान थ्रि स्टार र नेपाल पुलिस क्लव बिच चैत २४ गते हुने बिजेता टिमसंग यही चैत २६ गते सेमिफाइनल खेलमा प्रतिष्र्धा गर्ने भएको छ । सोमबार संकटा क्लव बिरुद्ध मनाङ मर्स्याङदी क्लव बिच तेश्रो क्वाटरफाइन खेल हुने भएको आयोजक सहारा क्लवले जनाएको छ । स्मरणरहोस शनिबार भएको उद्घाटन खेलमा आयोजक सहारा क्लवलाई १–० को गोल अन्तरले पराजित गर्दै विभागिय टोली शसस्त्र प्रहरी वलको एपिएफ क्लव समुह ए बाट सेमिफाइनलमा प्रबेस गरेको हो।



ऐतिहासिक पुल अलपत्र : तनहुँ जिल्लाको भिमाद नगरपालिका र म्याग्दे गाउँपालिका जोड्ने सेतीनदी माथि निर्माण गरिएको ऐतिहासिक झोलुङ्ग पुलको दयनीय दृश्य। वि.सं १७७८ सालतिर जङ्गबहादुर राणा प्रधानमन्त्री हुँदा निर्माण गरिएको उक्त पुल जीर्ण अवस्थामा पुगे पनि यसको उचित संरक्षण हुन नसकेको हो। तस्वीर : सानेबहादुर नेपाली

# एनआरएनएद्धारा एक लाख ७० हजारलाई राहत

**रासस**
**काठमाडौं, २२ चैत**

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले कोभिड-१९ का कारण समस्यामा परेका विभिन्न मुलुकका करिब एक लाख ७० हजार नेपालीलाई राहत प्रदान गरेको छ।

कोभिड-१९ महामारीपछि सङ्घको पहलमा भएका उद्धार तथा राहत विवरण सार्वजनिक गर्दै ५० देशका ३०० बढी शहरमा रहेका नेपालीलाई राहत वितरण गरिएको जनाइएको छ। सङ्घले समस्यामा परेका नेपाली श्रमिकमध्ये घरफिर्तीका लागि ३२४ जनाको पिसिआर परीक्षण तथा २१७ जनालाई आंशिक हवाई टिकटको यवस्था गरिएको जनाएको छ।

रोजगारी गुमाएका, समान्य गल्तीका कारणले स्वदेश फर्कन बाध्य बनाइएका, महिला, अपाङ्गता भएका, बिरामी, विशेष आवश्यकता भएका व्यक्तिका लागि अन्तर्राष्ट्रिय निकायबाट प्राप्त सहयोग खर्चिएको सङ्घको भनाइ छ । सङ्घले धेरै नेपाली श्रमिक भएका मलेसिया, कतार, संयुक्त अरब इमिरेट्स (यूएई), साउदी अरब, बहराइन, कुवेत तथा ओमानलगायत मुलुकमा राहत र उद्धारको विशेष अभियान चलाएको थियो। भर्चुअल पत्रकार सम्मेलनमा सङ्घका अध्यक्ष कुमार पन्तले नेपाल सरकारसँगको सहकार्यमा खाना तथा बासको व्यवस्था, घरफिर्ती कार्यका लागि आंशिक हवाई टिकट तथा पिसिआर सेवा, मानसिक स्वास्थ्य परामर्श सेवा तथा स्वास्थ्य समस्यामा परेका नेपालीलाई सहयोग गरिएको बताउनुभयो।

सङ्घका महासचिव डा हेमराज शर्माले कोभिड-१९ पछाडि देखिन सक्ने मानसिक स्वास्थ्यलाई विशेष ध्यानमा राखेर विश्वभर २०० बढी नेपाली चिकित्सक परिचालित गरिएको बताउनुभयो । अमेरिका, बेलायत, यूरोपियन क्षेत्र, मध्यपूर्वी क्षेत्र, अफ्रिकन क्षेत्र र एसिया प्रशान्त क्षेत्रमा अनुभवी स्वास्थ्यकर्मी तथा चिकित्सकलाई परिचालित गरिएको सङ्घले जनाएको छ।

# थारु संस्कृतिको एक जीवन्त सङ्ग्रहालय

**–वासुदेव पौडेल**
**गण्डकी, २२ चैत रासस**

गाउँ पस्नासाथ परम्परागत पोशाकमा सजिएका थारु महिलाले टीकासहित फूल मालाले स्वागत गर्दा यहाँ आउने जो कोहीको मन पनि फुरुङ्ग हुने गर्दछ।

गण्डकी प्रदेशअन्तर्गत नवलपुर जिल्लाको कावासोती नगरपालिका वडा नं १५ स्थित अमलटारी यतिखेर थारु संस्कृतिको प्रत्यक्ष अवलोकन एवं अनुभूति गर्न पाउने स्थलका रुपमा विकास भएको छ । सीमान्तकृत समुदायमा पर्ने थारुसहित बोटे, मुसहरलगायतका जातजातिको वासोवास रहेको यस ठाउँमा सञ्चालनमा आएको अमलटारी सामूदायिक होमस्टेसँगै यो गाउँ यतिखेर गण्डकी प्रदेशको आकर्षक पर्यटकीय गन्तव्य बन्दै गएको हो। कोरोना कहरले लामो समय प्रभावित पर्यटनले विस्तारै गति लिएसँगै देशका विभिन्न स्थानबाट थारु संस्कार र संस्कृतिको अवलोकनका लागि आउने पर्यटकलाई स्वागत गर्न यतिखेर अमलटारीवासीलाई भ्याइनभ्याइ भएको स्थानीयवासी धनीराम महतोले बताउनुभयो।

विसं २०७० जेठ ५ गतेबाट यहाँका १८ वटा घरबाट शुरु गरिएको घरबास अहिले ३१ वटा घरमा रहेको उहाँले जानकारी दिनुभयो । अमलटारी आउने पर्यटकले थारु जातिका विभिन्न संस्कार, संस्कृति एवं रहनसहनका साथै थारू एवं बोटे जातिका संस्कृतिमा आधारित नृत्यहरू प्रत्यक्ष अवलोकन गर्न पाउने उहाँले बताउनुभयो । अमलटारी आउने पर्यटकका लागि स्थानीयवासीले बेलुका खाना खाएपछि थारु संस्कृतिमा आधारित लाठी, झुमरा र जोगेडा नाचका साथै बोटे संस्कृतिमा आधारित गोलेनी नाच देखाउँछन्। थारु र बोटे समूदायका परम्परागत पोशाकमा सजिएका युवायुवतीका प्रस्तुती रहेका नृत्यहरू यहाँ आउने जो कोहीले अनौठो र रमाइलो मान्ने गर्दछन्। समुदायमा लोप हुँदै गएका लाठी नाच आदिको संरक्षणका साथै त्यसले पर्यटकलाई पनि आकर्षित गर्ने अवस्थालाई दृष्टिगत गरी झण्डै १५-२० जनाको टोलीले प्रत्येक दिन लाठी नाच जस्ता संस्कृति देखाउने गरेको छ। योसँगै परम्परागत कला संस्कृतिको जगेर्नामा पनि सहयोग पुग्ने विश्वास लिइएको छ। थारु तथा बोटे समूदायमा झर्रा, मेडरी, ठेकरी, घैला, झाम्टा, डम्फु र झुम्रा आदि परम्परागत नृत्य रहेका छन्।

होमस्टेका आगन्तुक पाहुनालाई उनीहरूको रोजाइअनुसारका खाना खुवाउने गरिएको अमलटारी मध्यवर्ती सामूदायिक होमस्टे- ४ का सञ्चालिका सूर्यकुमारी महतोले जानकारी दिनुभयो।

“होमस्टेमा आउने पर्यटकका लागि थारु जातिका मौलिक खाना चिचर, हाँस, लोकल कुखुरा, घुँगी आदिको स्वाद लिने व्यवस्था मिलाउने गरेका छौं”, उहाँले भन्नुभयो, “होमस्टे समितिले व्यवस्था गरेको प्याकेजअनुसारको खाना तथा खाजाका साथै पर्यटकको इच्छा तथा मागअनुसार अन्य विभिन्न परिकार पनि बनाउने गरिएको छ ।” यहाँको नियमअनुसार आगन्तुक पर्यटकलाई सामुहिक रुपमा स्वागत गरिसकेपछि तोकिएका होमस्टेमा बस्ने व्यवस्था मिलाइन्छ । पर्यटकहरूले आफू बसेकै घरमा साँझको खाना खान्छन्। समितिले होमस्टेमा बस्ने पर्यटकका लागि निश्चित प्याकेजको व्यवस्था गरेको समितिका व्यवस्थापक धनीराम गुरौले जानकारी दिनुभयो । उहाँका अनुसार होमस्टेमा बस्ने पर्यटकमध्ये सादा खाना खानेले अनुसार रु ८६० तिर्नुपर्छ भने माछामासु खानेले ९८० रुपैयाँ तिर्नुपर्छ। माछा मासु खानेका लागि खानामा लोकल कुखुरा, हाँस वा माछासहितको परिकारको व्यवस्था छ। त्यस्तै प्याकेजअन्तर्गत नै भोलिपल्ट विहान ब्रेकफास्टमा स्थानीय चिचर (भिजाएको अनदीको चामललाई बाफमा पकाइएको परिकार), अचार तथा तरकारी सेवा उपलब्ध छ। मध्यवर्ती वन क्षेत्रको संरक्षणमासमेत जोड दिँदै आएको समितिले पर्यटकलाई जङ्गल सफारीको व्यवस्थासमेत मिलाएको व्यवस्थापक गुरौले जानकारी दिनुभयो । जङ्गल सफारीमा जाने पर्यटकललाई यहाँ पाइने गैँडा, बाघ, भालु, चराचुरुङ्गी र जैविक विविधताले लोभ्याउने गरेको छ । नेपाल सरकारबाट उत्कृष्ट घोषित यस होमस्टेमा पछिल्ला समयमा विभिन्न तालीम, गोष्ठी तथा सेमिनार हुने गरेका छन् । होमस्टे व्यवस्थापन समितिका व्यवस्थापक गुरौका अनुसार विभिन्न सङ्घसंस्थाबाट कार्यक्रमका लागि अग्रिम बुकिङ हुने गरेको छ। कोरोना महामारीको रोकथाम तथा नियन्त्रणका लागि सरकारले अघिल्लो वर्ष घोषणा गरेको बन्दाबन्दीलाई यहाँका स्थानीयवासीले होमस्टेको कोठा व्यवस्थापनमा उपयोग गरेको जानकारी दिँदै उहाँले प्रत्येक घरका होमस्टेका कोठाका भित्तामा कलात्मक तवजरबाट निगाला ठोकेर आकर्षक बनाएको बताउनुभयो। लहरै निगालाले छापिएका भित्ताका कारण जाडोमा न्यानो हुने तथा गर्मीमा शीतल हुने भएको स्थानीयवासीको तर्क छ । बुटवल-नारायणगढ सडक खण्डअन्तर्गत नवलपरासीको डण्डाबाट करीब सात किलोमिटर दुरीमा रहेको यस होमस्टेमा उक्त स्थानबाट सार्वजनिक सवारीसाधनको प्रयोगका साथै निजी सवारी साधनबाट पनि पर्यटक आउने गरेका छन् । जङ्गल किनाराको वस्तीका कारण पिछडिएको यस स्थानका सर्वसाधारण विगतमा विभिन्न सेवा, पेशा र व्यवसायका लागि अन्यत्र काममा जाने गरेको स्थानीय धनीराम महतोले बताउनुभयो । होमस्टे सञ्चालनसँगै यहाँका स्थानीयवासी आफ्नै घरघरमा तरकारी एवं खाद्यवस्तु उत्पादन गरी त्यसैबाट आयआर्जन गर्नसक्ने भएको उहाँको भनाइ छ। “विगतका वर्षमा कमाउनका लागि विदेश जानेहरू पनि अहिले यहीँ होमस्टे चलाउने वा होमस्टेका लागि चाहिने कृषिजन्य उत्पादन बढाउन थालेका छन्”, उहाँले भन्नुभयो, “होमस्टेले यहाँका सर्वसाधारणको जीवनस्तर अघि बढेको छ नै प्रत्येकलाई केही गर्नुपर्छ भन्ने भावना पनि जगाएको छ।”

विगतमा नौलो मानिससँग बोल्न लजाउने यहाँका अधिकांश महिलाहरू अहिले भने राम्रोसँग बोल्न सक्ने र तर्क गर्न सक्ने भएका छन् । हरियो बन र डब्लुडब्लुएफको सहयोगमा अमलटारीले समृद्धि र विकासमा फड्को मार्दै आएको कावासोती नगरपालिकाका उपप्रमुख एवं अमलटारी मध्यवर्ती सामूदायिक होमस्टे सञ्चालक समितिका अध्यक्ष प्रेमशंकर मर्दनियाले बताउनुभयो। होमस्टेमा आउने जो कोहीले थारु संस्कृतिका विविधताको अवलोकनका साथै यहाँबाट गरिने एकपटकको जङ्गल सफरीमा विभिन्न वन्यजन्तुका साथै १० देखि १५ वटासम्म गैँडा अवलोकन गर्न पाइने उहाँले बताउनुभयो। समितिले पछिल्ला वर्षमा स्थानीयलाई विभिन्न सीपमूलक तालीम पनि दिँदै आएको छ । यहाँका युवा हस्तकलाका सामान तयार गर्ने, गैँडा हात्तीको मूर्ति कुँद्ने आदि पनि क्रियाशील छन्।

# अनिश्चितकालीन कामकाज बन्द

**पोखरापत्र संवाददाता**
**दमौली, २२ चैत**

तनहुँको भानु नगरपालिकाका कर्मचारीले आजदेखि अनिश्चितकालका लागि कामकाज बन्द गरेका छन्।

कार्यालयको काममा खटिरहेको बेला जनप्रतिनिधिको रोहवरमा केही व्यक्तिहरूले कार्यालयको सामान चोरी गरेको झुटो आरोप लगाएपछि नगरपालिकाका कर्मचारीले कामकाज बन्द गरेका हुन्। नगरपालिकाका सम्पूर्ण कर्मचारीले आज प्रेस विज्ञप्ति जारी गर्दै कर्मचारीको आवश्यक सुरक्षाको प्रत्याभूति र सुरक्षित तवरले काम गर्ने वातावरण सिर्जना नभएसम्म काम पुनः सञ्चालन नगरिने जनाएका छन् । चैत २० गते काम गरिरहँदा केही व्यक्तिहरूले कार्यालयको सामान चोरी गरेको जस्तो झुटो आरोप लगाई प्रहरीलाई खबर गरी प्रहरी सहितको टोलीले डरधम्की दिई जबर्जस्ती मुचुल्कामा सही छाप गर्न लगाएको विज्ञप्तिमा उल्लेख गरिएको छ । “कर्मचारीलाई प्रहरी हिरासतमा राख्ने जस्ता निन्दनीय र अपमानजनक क्रियाकलाप भएको प्रति सम्पूर्ण कर्मचारी मर्माहत छौँ”, विज्ञप्तिमा भनिएको छ।

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**रासस**
**काठमाडौं, २२ चैत**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य आज पुनः वृद्धि गरेको छ।

पछिल्लो विवरणअनुसार निगमले पेट्रोलमा प्रतिलिटर दुई रुपैयाँ वृद्धि गरेको छ । नयाँ मूल्यअनुसार अब पेट्रोल प्रतिलिटर १२० रुपैयाँ पुगेको छ। यस्तै, डिजेल र मट्टीतेलमा समेत प्रतिलिटर दुई रुपैयाँ नै वृद्धि गरेको छ। नयाँ मूल्यअनुसार डिजेल र मट्टीतेल प्रतिलिटर रु १०३ पुगेको छ। नयाँ मूल्यसूची आज मध्यराति १२ बजेदेखि लागू हुनेछ। खाना पकाउने एलपी ग्यास र हवाई इन्धनको खुद्रा बिक्री मूल्य भने हाललाई यथावत् नै राखिएको निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिए। निगमको आइतबारको निर्णयअनुसार नै मूल्यवृद्धि गरिएको हो।






कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवा सदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# बल्ल अघि सऱ्यो कांग्रेस

प्रतिनिधि सभा पुनर्थापना भएको डेढ महिनापछि बल्ल नेपाली कांग्रेसले गठबन्धन सरकार बनाउन पहल गर्ने भएको छ। कांग्रेस पार्टीको महाधिवेशन भन्दा सत्तामा जान आतुर भएका समुहले गरेको पहल कार्यान्वयनमा जाने वातावरण बन्न थालेको छ। माओवादी र कांग्रेसको समर्थनले मात्र नयाँ सरकारको बाटो खुल्दैन । प्रतिनिधि सभा पुनस्थापनाः भएको लामो समयको मौनता तोड्दै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले चैत्र १९ गते शुक्रवार केन्द्रीय समितिको बैठकबाट निर्णय गराएर प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा माग गऱ्यो । संसदीय व्यवस्थामा 'वेटिङ गभर्मेन्ट' भनेर चिनिने प्रतिपक्षले सरकारको नेतृत्वका लागि अग्रसरता लिने भनेर निर्णय गरेपछि त्यसले स्वाभाविक रूपमा राजनीतिक तरंग सिर्जना गरेको छ।

सभापति शेरबहादुर देउवाका तर्फबाट महामन्त्री पूर्णबहादुर खड्काले पेश गरेको प्रस्तावमा प्रतिनिधि सभा पुनःस्थापना भएको एक महिना पुग्न लाग्दा समेत प्रधानमन्त्रीले पदत्याग गरेर मार्गप्रशस्त नगरेपछि राजीनामाको माग गर्ने प्रस्ताव पढेर सुनाएका थिए। निशान छाप अद्यावधिक गर्ने प्रयोजनका लागि मात्र संविधान संशोधन प्रक्रियामा भाग लिँदा मधेशका जनता असन्तुष्ट हुने डर ती नेताले प्रकट गरे । 'कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर देशको नक्सा अद्यावधिक गरिनु एकदम स्वागतयोग्य विषय हो । तर सत्तारूढ दलका दुवै नेता (ओली र प्रचण्ड)ले हामीसँग गरेको २ बुँदे सहमतिअनुसार हाम्रा मागहरू पनि समेटेर संशोधन गर्नुपर्छ भन्नेमा हामी दृढ छौं ।'

ओलीको नेतृत्वमा सरकार बनेपछि तत्कालीन संघीय समाजवादी फोरमले नेकपासँग २ बुँदे सहमति गरेको थियो। पहिलो बुँदामा संविधान संशोधनको विषय उल्लेख थियो भने दोस्रोमा फोरम सरकारमा सामेल हुने विषय उल्लेख थियो। फोरमले माग गरेअनुसार संविधान संशोधनको माग पूरा गर्न ओलीले अरूचि देखाएपछि तत्कालीन समाजवादी पार्टीले ५ महिनाअघि सरकार छाडेको थियो । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता कृष्ण सिटौलाले केन्द्रीय समितिको बैठकमा छलफल गर्ने भन्दै समय माग गरिएको बताए । यता जसपाका नेता उपेन्द्र यादवले राष्ट्रिय एकता कायम गर्ने हो भने आफूहरूले पहिल्यैदेखि उठाएको संविधान संशोधनको विषयलाई पनि सँगै लिएर जान दबाब दिएका थिए । जसपाका नेता डाक्टर बाबुराम भट्टराईले भारतसँगको वार्तामा नेपालको हातमाथि पार्न संविधान संशोधनमा राष्ट्रिय सहमति जुटाउनुपर्ने बताएका छन् ।

# माछापालनप्रति किसानको आकर्षण बढ्दै

**पोखरापत्र संवाददाता**
**पर्वत, २२ चैत**

कुश्मा नगरपालिकाका युवा माछापालनमा आकर्षित भएका छन् । नगरपालिकाको वारी अम्बोट, दोविल्ला, पकुवा, चुवा, खुर्कोट र पाङमा व्यावसायिक माछापालन फस्टाउँदै गएको हो ।

सरकारी निकायको अनुदान र किसानको मेहनतका कारण पछिल्लो समयमा माछापालन व्यवसाय बढ्न थालेको छ । मोदीखोला र कालीगण्डकी किनारमा व्यावसायिक माछापालन गर्ने बढेका छन् । स ा नगरपालिकाका पशुसेवा शाखाका प्रमुख मित्रलाल सापकोटाका अनुसार कुश्मामा व्यावसायिक माछापालन गर्ने किसानको सङ्ख्या ४० पुगेको छ । नगरपालिकाले कोरोना कारण र अन्य कारणले विदेशबाट फर्किएका युवालाई वस्तुगत सहायता दिँदै आएको छ । नगरको सहायताका कारण माछापालनमा युवाको आकर्षण बढेको पशुसेवा प्रमुख सापकोटाले जानकारी दिनुभयो । सापकोटाले किसानलाई माछा पोखरी निर्माण र माछाका भुरा नगरपालिकाले वितरण गरेको बताउनुभयो । "किसानलाई गत वर्ष पोखरी बनाउन सहयोग गरेका थियौं", सापकोटाले भन्नुभयो, "यस वर्ष भुरा वितरण गरेका छौं ।" किसान उत्साही भएर माछापालनमा लागेको उहाँले बताउनुभयो । नगरपालिकाले शुक्रबार २२ किसानलाई भुरा वितरण गरेको छ।

मागका आधारमा किसानलाई २५ हजार माछाका भुरा वितरण गरिएको हो । मागका आधारमा किसानले ५०० देखि पाँच हजार भुरा प्राप्त गरेका छन् । माछाका भुरा पाएपछि व्यवसायलाई थप प्रेरणा प्राप्त भएको किसान देवी क्षेत्रीले बताउनुभयो । क्षेत्रीले छ वर्षदेखि व्यावसायिक माछापालन गर्दै आउनुभएको छ । उहाँले आफूसँग छ हजार माछापालन गर्ने क्षमताका पोखरी रहेको जानकारी दिनुभयो । "लकडाउनको बेला मैले रु डेढ लाखका माछा बेँचे", उहाँले भन्नुभयो, "बजारको माग धान्नै मुस्किल छ ।" मोदीखोला र कालीगण्डकी किनारमा माछापालन गर्ने किसान बढ्दै गएका छन् । नगरपालिकाले किसानको आकर्षण बढेपछि सहायता गर्न थालेको जनाएको छ । नगरप्रमुख रामचन्द्र जोशीले व्यावसायिक माछापालनलाई आगामी वर्ष थप बढाउने सोच रहेको बताउनुभयो । उहाँले उपयुक्त हावापानी र राम्रो बजार रहेको हुनाले नगरपालिका माछा ब्लक नै बनाएर किसानलाई सहयोग गर्ने योजनामा रहेको सुनाउनुभयो ।

# नयाँ वर्षमा तीनसिमानामा चौँरी महोत्सव

**रासस**
**काठमाडौं, २२ चैत**

नयाँ वर्षको अवसरमा पाँचथरको फालेलुङ गाउँपालिका-४ तीनसिमानामा चौँरी महोत्सव हुने भएको छ । विगत चार वर्षयता आयोजना भइरहेको महोत्सव यस वर्ष पनि नेपाल-भारत सीमावर्ती क्षेत्र तीनसिमानामा आयोजना गर्न लागिएको हो ।

फालेलुङ गाउँपालिकाको आर्थिक सहयोगमा यहाँका दीपज्योति युवा क्लब, फालेलुङ कञ्चनजङ्घा पर्यापर्यटन प्रवर्द्धन संस्था र कञ्चनजङ्घाका चौँरीपालन तथा संरक्षण संस्थाले महोत्सवको आयोजना गरेका हुन् । महोसत्व एक दिन आगामी २०७८ वैशाख १ गते सञ्चालन हुनेछ । महोत्सवमा चौँरीका विभिन्न प्रजाति तथा चौँरीसँग सम्बन्धित सामग्रीको प्रदर्शनी मुख्य आकर्षण रहने महोत्सव आयोजक समितिका सचिव सुनिल बान्तवाले जानकारी दिनुभयो । परम्परागत चौँरीपालनलाई व्यवस्थित र व्यावसायिक बनाई दिगो आयस्रोत बनाउने, चौँरीमा आधारित पर्यापर्यटन प्रवर्द्धनमा सघाउ पुऱ्याउने, जैविक विविधता, दुर्लभ वनस्पति तथा जीवजन्तु संरक्षणको सन्देश दिने मुख्य उद्देश्यसहित महोत्सव आयोजना गरिएको हो । महोत्सवमा चौँरी तथा याकका विभिन्न प्रजातिको प्रदर्शनी, चौँरीजन्य उत्पादनको प्रदर्शनी, भूटानबाट ल्याइएका याकको प्रदर्शनी, घोडाचढी तथा याकचढी मुख्य आकर्षण रहेका छन् । यस्तै उच्च पहाडी क्षेत्रमा पाइने जडीबुटीको प्रदर्शनी, स्थानीय संस्कारमा आधारित खाद्यान्नका परिकार, भेडाको ऊनबाट निर्मित सामग्री, गोठबासमा बसोबासजस्ता आकर्षण रहने आयोजक समितिका सचिव बान्तवाले बताउनुभयो ।

तीनसिमानाबाट नेपाल, भारत र भूटानका हिमालको दृश्यावलोकन गर्न सकिन्छ भने यहाँ प्रसिद्ध तीर्थस्थल गोर्खेधामसमेत रहेको छ । विगतमा फालेलुङ-४ चाररातेमा चौँरी महोत्सव आयोजना गर्ने गरिएको थियो तर चाररातेे पुग्न भारतीय बाटोको प्रयोग गर्नुपर्ने, सुरक्षाको अभावजस्ता कारणले महोत्सवस्थल तीनसिमाना निर्धारण गरिएको महोत्सव आयोजक समितिका अध्यक्ष एवं फालेलुङ-४ का वडाध्यक्ष विद्धिमान सावदेनले बताउनुभयो । तीनसिमाना नजिकै सशस्त्र प्रहरीको बोर्डर आउट पोष्ट (बिओपी) स्थापना भएको, गोठबासको प्रबन्ध भएको, सहज सडक पहुँच भएको तथा तीनसिमानालाई पर्यटक गन्तव्य बनाउन प्रचारमा जोड दिनुपर्ने भएकाले यहाँ महोत्सव आयोजना गरिएको अध्यक्ष सावदेनको भनाइ छ ।

महोत्सव सम्पन्न गर्न मूल आयोजक समिति तथा चारवटा उपसमिति गठन गरिएको अध्यक्ष सावदेनले बताउनुभयो । दुई दर्जनभन्दा बढी चौँरीगोठ रहेको फालेलुङको फालोट क्षेत्रमा पर्यटन विकास गर्ने, चौँरीजन्य सामग्रीको प्रचार र बजारको खोजी गर्ने, चौँरीपालनलाई व्यवस्थित गर्दै जैविक विविधताको संरक्षण गर्ने उद्देश्यसहित २०७४ बाट महोत्सव आयोजना गर्न थालिएको हो । गत वर्ष भने कोभिड-१९ को महामारी तथा बन्दाबन्दीका कारण चौँरी महोत्सव हुन सकेन । हालसम्म कोरोना भाइरस सङ्क्रमणको अवस्था सामान्य रहेकाले प्रशासनको अनुमतिले यस वर्ष महोत्सव आयोजना गरिएको आयोजक समितिले जनाएको छ ।

# लाइन काटेर बक्यौता उठाउँदै प्राधिकरण

**पोखरापत्र संवाददाता**
**बागलुङ, २२ चैत**

नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रले विद्युत् महसुल नबुझाउने ग्राहकको लाइन काटेर बक्यौता महसुल उठाउन थालेको छ ।

विद्युत् महसुल समयमा बुझाउन नआएका ग्राहकको लाइन काटेर वितरण केन्द्रले बक्यौता तिर्न ताकेता गरेको हो । गत फागुन मसान्तसम्म जिल्लाभर ४१७ ग्राहकको महसुल उठ्न बाँकी थियो । मिटर रिडिङ भएको ६० दिनदेखि दुई वर्षसम्म महसुल नतिरेका ग्राहकलाई कालो सूचीमा राखेर वितरण केन्द्रले लाइन काट्ने अभियान थालेको थियो । धमाधम लाइन काटिन थालेपछि महसुल तिर्न बाँकी रहेका ३८८ ग्राहकले महसुल बुझाएको वितरण केन्द्रका प्रमुख शिवनारायण गोशलीले बताउनुभयो ।

व्यक्तिगत र व्यावसायिक प्रतिष्ठानमा बाँकी रहेको रु ४० लाख ९९ हजार बक्यौता रकम उठेको गोशलीले बताउनुभयो । लाइन काटिएकामध्ये २९ ग्राहकले अझै महसुल बुझाउन बाँकी छ । विद्युत् महशुल नियमावली २०७७ को विनियम ७ को उपनियम ३ बमोजिम ६० दिनसम्म महसुल बुझाउन नआउने ग्राहकको विद्युत् बिना जानकारी प्राधिकरणले काट्न पाउने व्यवस्था छ ।

लाइन काटिएपछि बक्यौता बुझाएका ग्राहकको घरमा पुनः विद्युत् जडान गरिएको उहाँले बताउनुभयो । बक्यौता रकम समयमा असूल उपर गर्नका लागि प्राधिकरणले कडा कदम चाल्नु परेको उहाँको भनाइ छ ।

# जनगणनाका लागि सुपरीवेक्षकको सूची सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पर्वत, २२ चैत**

पर्वतमा जनगणनाका लागि परिचालन हुने सुपरीवेक्षकको पहिलो सूची सार्वजनिक भएको छ ।

केन्द्रीय तथ्याङ्क विभागको वेबसाइटमा अनलाइन आवेदन दिएकामध्ये सुपरीवेक्षकका लागि ८३ जनाको संक्षिप्त सूचीमा नाम निकालिएको छ ।

यिनीहरूमध्येबाट जनगणनाका लागि ६१ सुपरीवेक्षक छनोटमा पर्ने जनाइएको छ । पर्वतमा जनगणनाको तयारी भइरहँदा गणक र सुपरीवेक्षक खटाइनेछ । आवश्यकताभन्दा धेरैको आवेदन परेपछि संक्षिप्त सूचीमा पनि धेरै जनाको नाम निकालिएको छ । जनगणना कार्यालय पर्वतका प्रमुख ज्योति केसीले संक्षिप्त सूचीमा परेकालाई कार्यालयले वैशाख १० गतेसम्म कार्यालयमा सम्पर्क राख्न भनेको बताउनुभयो । कार्यालयमा आवेदकलाई बोलाएर आवश्यक कागजातको परीक्षण, अन्तरवार्ता र तथ्याङ्क विभागले बनाएको कार्यविधिलाई टेकेर सुपरीवेक्षक छनोट गरिने केसीले जानकारी दिनुभयो ।

जिल्लाका सातै स्थानीय तहका ६१ वटा वडामा एक-एक जना सुपरीवेक्षक र चार गणक खटिने जनाइएको छ । गणकको सूची भने वैशाख १५ गतेपछि मात्रै सार्वजनिक हुने कार्यालय प्रमुख केसीले बताउनुभयो । सुपरीवेक्षक वैशाख २६ देखि गणनाको काम लिएर गाउँ जानेछन् ।

जनगणना कार्यालय पर्वतमा स्थापना भएपछि कार्यालयले सञ्चारकर्मीसँग एक चरणमा अन्तरक्रिया भएको छ । जनगणना सचेतनासम्बन्धी एक चरणमा जनप्रतिनिधिसँग गोष्ठी भएको छ । 'मेरो जनगणना मेरो सहभागिता' भन्ने नाराका साथ २०७८ मा हुने गणनालाई महत्वका साथ हेरिएको छ । यस वर्ष अक्सर बसोबासका आधारमा गणना हुने जनाइएको छ ।


## काठ डाँक बढाबढ द्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७७/१२/२२)**

**जिल्ला प्रहरी कार्यालय, स्याङ्जाको तथा सव डिभिजन वन कार्यालय वालिङको कम्पाउण्डमा रहेको 'सरकारी रुख हटाउने सम्बन्धी मापदण्ड २०७१' को दफा १० बमोजिमको लट नं. १ को चाँप गोलिया थान ४ को ३४.०० क्यू.फिट र उत्तिस गोलिया थान २ को ६.०० क्यू.फिट तथा लट नं. २ को सिसौ गोलिया थान २९ को ४९.०० क्यू.फिट, आँप गोलिया थान ६ को १२.०० क्यू.फिट र लप्सी गोलिया थान ९ को २१.०० क्यू.फिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम् पटक प्रकाशित भएको मितिले १५ दिनको म्याद राखी डाँक बढाबढ प्रथाद्वारा लिलाम गर्न सूचना आव्हान गरिएको छ । यस सम्वन्धि विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।**

**डिभिजन वन कार्यालय, स्याङ्जा**



## निःशुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर **(BMTC)** बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम **(STSE)** परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र व्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **निःशुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुँदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तालिमका बिषयहरु:

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आवेदनका लागि सम्पर्क:

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट | ९८०३२२४८८९ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata TVET PRACTICAL PARTNERSHIP

EUROPEAN UNION

BRITISH COUNCIL



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शारिरीक झमेला |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : मन चञ्चल | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।



## घर जग्गा खरिद बिक्री

तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क :
९८५६०२०९४९
९८०२८५८००५



## बडा मजाको आयुर्वेदिक

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७७/०९/१५ मा सम्पन्न साधारण सभाको निर्णयले साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल, अचल सम्पत्ति तथा तिर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, ब्यहोर्ने शर्तमा साविक **सेन्सेइ जापानिज ल्याङ्वेज ईन्ष्टिच्युट प्रा.लि.(प्रा.लि.नं.१६२३०१)** को नाम परिवर्तन भई कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०९/२० को निर्णय बमोजिम **सेन्सेइ ट्राभल एण्ड सव रेमिट प्रा.लि.** कायम भएको ब्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# पब्लिक क्याम्पस संघ तनहुँमा जितप्रकाश

**पोखरापत्र संवाददाता**
**पर्वत, २२ चैत**

नेपाल पब्लिक क्याम्पस सङ्घ तनहुँको अध्यक्षमा भीमादस्थित जनज्योति क्याम्पसका अध्यक्ष जितप्रकाश आले सर्वसम्मत निर्वाचित हुनुभएको छ । सङ्घको शनिबार सम्पन्न चौथो जिल्ला अधिवेशनबाट उहाँका अध्यक्षतामा ११ सदस्यीय जिल्ला कार्यसमिति चयन भएका हो।

सङ्घको उपाध्यक्षमा सिकेबिके कलेजका अध्यक्ष इन्द्रबहादुर कुँवर, सचिवमा आदिकवि भानुभक्त क्याम्पस प्राध्यापक सङ्घका सभापति विजयराज खनाल, कोषाध्यक्षमा आँबुखैरेनी क्याम्पसका प्रमुख ऋषि केसी, सहसचिवमा तनहुँ शारदा कलेजका प्राध्यापक सङ्घका सभापति गोविन्दप्रसाद भट्टराई चयन हुनुभएको छ। त्यस्तै सदस्यमा पुर्कोट कालिका क्याम्पसका अध्यक्ष दुर्गाबहादुर राउत, त्रिभुवन क्याम्पसका प्रमुख रवीन्द्रराज जोशी, बन्दीपुर क्याम्पसका प्रमुख विक्रम पिया र प्राध्यापक सङ्घका सभापति गोवर्द्धन भट्टराई, शहीद कृष्ण क्याम्पसका प्रमुख हरि लामिछाने र भानुभक्त बहुमुखी क्याम्पस प्राध्यापक सङ्घका सभापति निरोज भट्टराई चयन हुनुभएको छ । अधिवेशनले तीन सदस्यीय सल्लाहकार समिति गठन गरेको छ। समितिमा आदिकवि भानुभक्त क्याम्पसका सञ्चालन समितिका अध्यक्ष ब्रम्हदत्त तिमिल्सिना, आँबुखैरेनी क्याम्पस सञ्चालन समितिका अध्यक्ष वंशीराम प्रधान र त्रिभुवन क्याम्पसका सञ्चालन समितिका अध्यक्ष टेकबहादुर गुरुङ रहनु भएको छ । अधिवेशनले सामुदायिक क्याम्पसको विकासका लागि स्थानीय सरकारसँग समन्वय गर्नका लागि संयुक्त बैठक आयोजना गर्ने निर्णय गरेको छ । त्यस्तै चैत २६ र २७ गते आदिकवि भानुभक्त क्याम्पसमा हुन लागेको राष्ट्रिय भेलालाई सफल पार्ने, तीनै तहका सरकारलाई सामुदायिक क्याम्पसहरुको सवलीकरणका लागि अनुरोध गर्ने निर्णय भएको छ । अधिवेशनको उद्घाटनसत्रलाई सम्बोधन गर्दै जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले स्थानीयस्तरमा स्थापित सामुदायिक क्याम्पसहरुले शिक्षा क्षेत्रमा महत्वूर्ण योगदान पुऱ्याएको बताउँदै स्थानीय तहहरुले सामुदायिक क्याम्पसलाई प्राथमिकतामा राखेर योजना बनाउनुपर्नेमा जोड दिनुभयो।

नेपाल पब्लिक क्याम्पस सङ्घका पूर्व केन्द्रीय अध्यक्ष एवं व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले सामुदायिक क्याम्पसले भोगिरहेका समस्या उजागर गर्दै सामुदायिक क्याम्पसको व्यवस्थापन र सञ्चालनका लागि छुट्टै विश्वविद्यालय स्थापना गर्नुपर्ने बताउनुभयो। म्याग्दे गाउँपालिका अध्यक्ष मायादेवी रानाले सामुदायिक क्याम्पसका समस्या समाधानका लागि स्थानीय तह तयार रहेको बताउनुभयो । नेपाल पब्लिक क्याम्पस सङ्घ गण्डकी प्रदेश संयोजक तथा आदिकवि भानुभक्त क्याम्पसका प्रमुख महाप्रसाद हड्खलेले सामुदायिक क्याम्पसमा सरकारको उदासिनता रहेको गुनासो गर्नुभयो। नेपाल पब्लिक क्याम्पस सङ्घ गण्डकी प्रदेश सदस्य मुक्ति रेग्मीले नेपालको करिब ४० प्रतिशत उच्च शिक्षा धानेको सामुदायिक क्याम्पसप्रति राज्यले आफ्नो दायित्व र जिम्मेवारी बढाउनुपर्नेमा जोड दिनुभयो।

# भूकम्पले भत्किएका ७३ विद्यालयको पुनःनिर्माण सम्पन्न

**पोखरापत्र संवाददाता**
**पर्वत, २२ चैत**

पर्वतमा भूकम्पले भत्किएका ७३ वटा विद्यालयको पुनःनिर्माण सम्पन्न भएको छ । राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ (भवन)ले भूकम्प गएको पाँच वर्षको अवधिमा पुनःनिर्माणको प्रगति सार्वजनिक गर्दै ७३ वटा विद्यालयको पुनःनिर्माण सम्पन्न भएको जानकारी दिएको हो।

पहिलो चरणमा सम्झौता भएका विद्यालयको पुनःनिर्माण सकिए पनि दोस्रो चरणमा सम्झौता भएका ७१ विद्यालयको पुनःनिर्माण गर्न बाँकी नै रहेको कार्यालयका प्रमुख युक्तप्रसाद शर्माले जानकारी दिनुभयो । जिल्लामा विसं २०७२ वैशाख १२ को भूकम्पले भत्किएका १५३ विद्यालय पुनःनिर्माणको सूचीमा थिए। जिल्लामा १५३ विद्यालयको पुनःनिर्माण, ४४ विद्यालयको शौचालय र ४१ विद्यालयको खानेपानी योजनाको काम गर्नुपर्ने दायित्व कार्यालयसँग छ। कार्यालय प्रमुख शर्माले कोरोना सङ्क्रमणका कारण गत वर्ष काम गर्न समस्या भए पनि कोरोना नियन्त्रणउन्मुख भएपछि विद्यालय पुनःनिर्माणले गति लिएको बताउनुभयो। कोरोना नियन्त्रणपश्चात तीनवटा विद्यालयले फिनिसिङको काम गरिरहेकाले यो महिनाभित्र काम सक्ने जानकारी दिनुभएको छ। आगामी पुससम्ममा सबै विद्यालयको पुनःनिर्माण सक्नुपर्ने बाध्यता छ । पुनःनिर्माण प्राधिकरणको म्याद पुससम्म रहेको र त्यसपछि म्याद थपिने कि नथपिने भन्ने कुरा सरकारकै हातमा रहेको हुँदा सकेसम्म पुससम्म सबै काम सक्ने हतारोमा रहेको शर्माले बताउनुभयो । जिल्ला आयोजना कार्यालय शिक्षामा दोस्रो चरणमा २० विद्यालयमा दुईकोठे, चार विद्यालयमा तीनकोठे र ३९ विद्यालयमा दुईकोठे भवन निर्माण गर्ने सम्झौता भएको थियो । अधिकांश विद्यालयको पुनःनिर्माणको प्रगति ६५ प्रतिशत रहेको कार्यालय प्रमुख शर्माले बताउनुभयो। भवन निर्माणको काम सकेका विद्यालयका बालबालिका भूकम्प प्रतिरोधी भवनमा बसेर पढ्न पाएका छन् । भूकम्पले विद्यालयका सबै कक्षाकोठा नभएका विद्यालयलाई पहिलो प्राथमिकता र केही मात्रै भवन भत्किएका विद्यालयलाई दोस्रो चरणमा पुनःनिर्माण गर्ने गरी कार्यालयले कार्ययोजना बनाएको थियो । सोहीअनुसार विद्यालयका भवन पुनःनिर्माण भइरहेको कार्यालयले जानकारी दिएको छ

# ५६ जनाको एन्टीजेन परीक्षणको नतिजा पोजेटिभ

**रासस**
**काठमाडौं, २२ चैत**

भारतबाट फर्कने बढेसँगै कोरोनाको सङ्क्रमणसमेत बढ्दोरुपमा रहेको छ । सीमा नाका त्रिनगर(डोकेबजार) भएर भारतबाट फर्कने व्यक्तिमा कोरोनको सङ्क्रमण अधिक देखिन थालेको छ।

शुक्रबार र शनिबार गरी सीमानाका भएर फर्केका व्यक्तिको एन्टीजेन परीक्षण गर्दा ५६ जनाको परीक्षणको नजिता पोजेटिभ आएको छ । शनिबार मात्रै सीमानाका भएर फर्केका ७६७ जनाको एन्टीजेन परीक्षण गरिएकामा जसमध्ये ३२ जनाको परीक्षणको नतिजा पोजेटिभ आएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ३५ हेडक्वाटर शैलेश्वरीका सशस्त्र प्रहरी उपरीक्षक वीरेन्द्रबहादुर ऐरले जानकारी दिनुभयो।

# 'बलिप्रथा मुक्त वडा' बनाउने अभियान

**पोखरापत्र संवाददाता**
**पर्वत, २२ चैत**

"सानो छँदा हजुरबाले राँगा, बोका र कुखुरालगायत पञ्चबलि लिएर धुमधामका साथ कोट पुगेको अहिले पनि याद आउँछ।

बाबै ! रगतको खोलो बग्ने कोटमा म त एकछिन बिताउन सकिनँ, भागेर घर आएँ", बागलुङको काठेखोला गाउँपालिका-६ बिहुँका डिलप्रसाद कँडेलले बालापन सम्झँदै भन्नुभयो, "कोटमा हुने पूजामा गाउँभरिकाले बलि चढाउँथे, कोटघरको वरपर रक्ताम्मे हुन्थ्यो।"

कँडेललाई जानकारी भएअनुसार बिहुँकोटमा बलि चढ्न थालेको २०० वर्ष भयो। बिहुँकोटे राजाले दुई श्रीमती बिहे गरेको र दुई घरबार भएकाले बिहुँमा दुईवटा कोट छन्। तल्लो र उपल्लो कोटले चिनिने दुवै कोटमा बलि चढ्छ । अन्य शिवालय र मन्दिरमा भने बलि चढ्दैन । "पहिला यस्तो थिएन रे, पछि बलि प्रथाको शुरुआत भयो, दुवै कोटमा बलि चढाउनैपर्ने नियम बनाएका भन्ने सुनेका छौं", बिहुँका पुराना शिक्षक शिवलाल कँडेलले भन्नुभयो, "अहिलेसम्म पनि मङ्गलबार र बिहीबार बलि चढाउन आउनेहरू धेरै हुन्छन्।" शिवलाल र डिलप्रसादले कोटमा देखेको रगतको खोलो अबको पुस्ताले देख्नुपर्ने छैन।

न त रगतको पोखरी देखेर कोटमा पुग्नेहरू बेहोस नै हुनुपरोस्। पशुबलि दिएर मानिसको महत्वकाङ्क्षा पूरा हुने अन्धविश्वास तोड्न अहिले बिहुँमा 'बलिप्रथा' अन्त्यको प्रयास थालिएको छ । बिहुँमा रहेका दुवै कोटमा चैतको १ गतेदेखि पशुबलि नचढाउन वडा कार्यालयले निषेध गरेको छ। स्थानीयवासीलाई सार्वजनिक सूचनामार्फत जानकारी गराएर वडा कार्यालयले पशुबलि नचढाउन आग्रह गरेको छ। "पशुबलि चढाएर कसैले मागेको पुग्दैन, यो अमानवीय व्यवहारको अन्त्य गर्ने प्रयास थालेका छौं" वडाध्यक्ष युक्तप्रसाद कँडेलले भन्नुभयो, "सार्वजनिक सूचना गरेर जानकारी गराइएको छ, अब कसैले नियम तोडे कारवाही हुन्छ ।" स्थानीय बुद्धिजीवी, समाजसेवी र ५ नं वडा कार्यालयसँगको परामर्शका आधारमा 'बलिप्रथा मुक्त वडा' बनाउने अभियान थालिएको कँडेलले बताउनुभयो । "मासु खाने वा नखाने व्यक्तिगत रुचि र चाहनाको कुरा हो तर धर्मका नाममा निर्दोष पशुको बलि चढाएर रगतको खोला बगाउनु राम्रो होइन", उहाँले भन्नुभयो, "हामीले दिएको बलिले भगवान् खुशी हुँदैनन्, यो त हिंसा पो हो त ।" चाडपर्वका समयमा कोटघरमा दिइने बलिले हिन्दू सभ्यतालाई नै गिज्याइरहेको कँडेल बताउनुहुन्छ । "सञ्चारमाध्यामबाट पनि सूचना गर्दैछौं", चेतनाको अभावमा भइरहेको कमजोरी सबैले सच्याउनुहुन्छ भन्ने लागेको छ", कँडेलले भन्नुभयो, "हामी पशुबलि मुक्त वडाको नागरिक भएर बाच्ने छौं ।" धार्मिक सम्पदाको संरक्षण र सभ्य समाजको निर्माणका लागि यस्तो निर्णय गर्नुपरेको उहाँको भनाइ छ। वडाले गरेको निर्णयमा स्थानीय खुशी छन्।

"धर्म नै छोड भनेको होइन, कमीकमजोरी सच्याउभन्दा किन चित्त दुखाउनु" पूर्वशिक्षक शिवलाल भन्नुहुन्छ, "यसले हाम्रो धर्म संरक्षणमा थप सहयोग गर्छ ।" धार्मिक सम्पदाको संरक्षण र प्रचारप्रसारका लागि लगानी गरिरहेको वडाले धर्मको नाममा हुने गतिविधिमा सुधार ल्याउने प्रयास थालेको वडाध्यक्ष कँडेल बताउँछन्।

## मादी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की, गण्डकी प्रदेश, नेपाल

माादी गाँउपालिका

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७७/१२/२३**

यस कार्यालयको मिति २०७७/१२/०१ गते समाधान राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि विद्युतीय बोलपत्र आह्वान भई तोकिएको म्यादभित्र E–bidding मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | कामको बिबरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. | कैफियत |
|---|---|---|---|---|
| 55/MRM/W/NCB/2077/78 | Procurement of Construction of Gabion Works at Mugri Khel Maidan at Madi-9 | Nama Nirman Sewa, Pokhara-17 Chhorepatan Kaski, Gandaki Province | NRs. 7,82,835.00 | |
| 54/MRM/W/NCB/2077/78 | Procurement of Construction of Gorje Multipurpose Building at Madi-9 | Nama Nirman Sewa, Pokhara-17 Chhorepatan Kaski, Gandaki Province | NRs. 17,81,776.12 | |

**प्रमुख प्रशासकीय अधिकृत**

कम्पनी द. नं. : १०८११७/०६९/०७०
ने.रा.बैंक/ई.प्रा./घ/३२/०६९/०७०
"सबैलाई सधैंका लागि वित्तीय सेवा"
पान नं. ६०११०११६८

## सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड
## Suryodaya Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय, पुतलीबजार-१, स्याङ्जा

## सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडका शेयरधनी महानुभावहरुलाई आठौं वार्षिक साधारण सभाको सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७७।१२।१० गते**

**श्री शेयरधनी महानुभावहरू,**
मिति २०७७ साल चैत्र ०९ गते सोमबार बसेको यस संस्थाको सञ्चालक समितिको १५८ औं बैठकको निर्णय बमोजिम संस्थाको आठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका प्रस्तावहरू माथि छलफल तथा निर्णय गर्नको लागि बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :**

**मिति :** २०७७ साल चैत्र ३१ गते मंगलबार (१३ अप्रिल २०२१) का दिन
**समयः** बिहान ८:०० बजे ।
**सभा हुने स्थान :** पुतलीबजार नगरपालिका वडा नं ३ स्याङ्जा (**सहयात्री पार्टी प्यालेस गुडिखोला**)

**छलफलका विषयहरू :**

**क) सामान्य प्रस्तावहरू**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको मन्तव्य सहित आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहित वित्तीय संस्थाको २०७७ साल आषाढ मसान्तसम्मको वासलात हिसाव, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरू माथि छलफल गरी पारित गर्ने।
३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन २०६३ को दफा १११ को (३) बमोजिम हाल बहालवाला लेखापरीक्षक श्री सुनिल देवकोटा एफसिए साझेदार एस देवकोटा एण्ड कम्पनी चार्टर्ड एकाउण्टेन्ट्स् पूनः नियूक्तिको लागि योग्य हूनूहूनेछ ।)
४) सञ्चालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पुँजीको ०.८०७६७२२८५ प्रतिशतले हुन आउने रु. १७,३६,८४२।११ अक्षरेपी सत्र लाख छत्तिस हजार आठसय बयालिस रुपैया र एघार पैसा मात्र नगद लाभांश (वोनस शेयरमा लाग्ने कर प्रयोजन समेत) वितरण गर्न पारित गर्ने ।
५) सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट ४ (चार) जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावहरूः**

१) सञ्चालक समितिले सिफारिस प्रश्ताव गरे बमोजिम आ.व. २०७६/२०७७ को आषाढ मसान्तमा कायम रहेको चुक्ता पुँजी रु.२१,५०,४२,९२५। को १५.३४५७७३४१ प्रतिशतले हुन आउने रकम रु. ३,३०,००,०००। (अक्षरेपी तिन करोड तिस लाख रुपैया मात्र) बराबरको बोनश शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने । साथै वोनस शेयर जारी गर्दा दशमलवपछिको शेयर (Fraction share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत् कायम राख्ने ।
२) सञ्चालक समितिको सिफारिस बमोजिम कम्पनीको जारी र चुक्ता पुँजी बृद्धि गर्ने ।
३) वित्तीय संस्थाको सञ्चालक समिति, अन्य समितिहरुको बैठकहरु, साधारणसभा लगायतका बैठक तथा सभाहरु विधुतिय माध्यमबाट समेत गर्न सक्ने र सदस्यहरुसंग वित्तीय कारोबार गर्दा विधुतिय कारोबार जस्तै एसएमएस बैकिङ, मोवाइल बैकिङ्ग, इन्टरनेट बैकिङ्ग आदी जस्ता कारोबार गर्ने गरी वित्तीय संस्थाको नियमावली तथा प्रबन्धपत्रमा आवश्यक संशोधन, परिमार्जन थप व्यवस्था कायम गर्ने ।
४) संस्थाको पुँजी संरचना परिवर्तन गरि संस्थापक शेयरको हिस्सा ७८.२४८२०३२४ प्रतिशत रहेको र सर्वसाधारण तर्फको शेयर हिस्सा २१.७५१७९६७६ प्रतिशत रहेकोले सर्वसाधारण तर्फको हिस्सा बढाई ३० प्रतिशत पुऱ्याउनको लागि फरक रकमलाई पुनः सर्वसाधारणमा शेयर (Further Public Offering) जारी गर्ने ।
५) सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड र अन्य इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडले अन्य लघुवित्त वित्तीय संस्थाहरु प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा, उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु खोजी गर्न, उपयूक्त लघुवित्त वित्तीय संस्थासंग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयारी गरी हस्ताक्षर गर्ने, सम्पुर्ण चल/अचल सम्पति तथा दायित्व मुल्यांकन (Due Diligence Audit, -DDA) गर्ने मूल्यांकन कर्ता लेखापरीक्षक नियूक्त गर्ने, निजको पारिश्रमिक तोक्ने र निजबाट संस्थाको सम्पुर्ण चल/अचल सम्पति तथा दायित्व मुल्यांकन (Due Diligence Audit, DDA) गराउने, तथा गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसंग सहमति लिने, गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धि कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नूपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी सम्पुर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
६) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन उपर नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रश्ताव पारित गर्ने ।
७) सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता, लगायत अन्य सुबिधाहरु बृद्धि गर्ने ।
८) विविध

**सञ्चालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**

## साधारणसभा सम्बन्धी थप जानकारी

१) शेयरधनी दर्ता किताब बन्द रहनेः आठौं वार्षिक साधारणसभा तथा लाभांश प्रयोजनका लागि वित्तीय संस्थाको मिति २०७७।१२।१९ गते देखी २०७७।१२।३१ गतेसम्म शेयर दाखिल खारेज दर्ता बन्द रहने छ। नेपाल स्टक एक्चेन्ज लिमिटेडमा मिति २०७७।१२।१८ गतेसम्म कारोबार भई प्रचलित कानुन बमोजिम २०७७।१२।२४ गतेसम्म यस संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेड नक्साल काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र यस सभामा भाग लिन, मतदान गर्न र नगद तथा वोनस शेयर पाउने छन् ।
२) प्रत्येक शेयरधनी महानुभावहरूले प्रवेशपत्र वा शेयरधनी प्रमाणपत्र वा शेयर अभौतिक गरेको विवरण Demat Account statement साथमा लिई सभामा आउनु पर्नेछ ।
३) साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन २०७६।७७ सम्बन्धी विवरण संस्थाको केन्द्रीय कार्यालय पुतलीबजार स्याङ्जा तथा शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेड नक्सालबाट प्राप्त गर्न सकिने छ ।
४) सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्न चाहनुहुने शेयरधनी महानुभावहरूले सभा सुरू हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि नियुक्ति गरिसकेपछि उक्त प्रतिनिधी बदर गरी अर्को मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधिभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
५) नावालक शेयरधनी महानुभावहरूको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा पहिले नाम उल्लेख भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछ ।
६) संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्ति गरिएको एक व्यक्तिले मात्र भाग लिन वा मतदान गर्न पाउनेछ ।
७) शेयरधनी महानुभावको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहानको ८:०० बजेबाट सभामा खुला रहनेछ।
८) छलफलको विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभाहुनु भन्दा सात दिन अगाबै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ।
९) यस वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्ति हुनको लागि संस्थाको नियमावलीमा उल्लेख भए अनुसार न्युनतम १०० कित्ता शेयर धारण गरेको हुनु पर्दछ। संस्थापक शेयरधनीहरुको तर्फबाट ४ जना र सर्वसाधारण शेयरधनीहरूको तर्फबाट २ जना सञ्चालकहरूको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले संस्थाको केन्द्रीय कार्यालयमा सूचना प्रकाशन गरे अनुसार सञ्चालक निर्वाचन निर्देशिका, प्रचलित नेपालको कानुन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी गरिएका निर्देशन बमोजिम हुनेछ ।
१०) नावालक तथा विछिप्त शेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको शेयरलगत किताबमा संरक्षकको रुपमा पहिले नाम उल्लेख भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न पाउने छ ।
११) संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्ति गरिएको एक व्यक्तिले मात्र भाग लिन वा मतदान गर्न पाउनेछ ।
१२) अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय तथा फोन नं. ०६३-४२११८७, ४२१०३४ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।